# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ ३१ गते ०९ साल

### भाग ४

## विद्यार्थींका मागबारे यस्. यल्. सी. बोर्डका निर्णय

[ शिक्षाविभागका विज्ञप्ति ]

गत वार्षिक प्रवेशिका परीक्षाको परीक्षाफल प्रकाशित भएपछि सो परीक्षाफल र आगामी पूरक प्रवेशिका परीक्षासम्बन्धमा विद्यार्थीहरूको आग्रहबमोजिम यही २००९ साल आषाढ १४ गते यस्. एल्. सी. बोर्डको सभा बसेको थियो। सो सभामा छात्र-संघका प्रतिनिधिसमेत राखी विद्यार्थीहरूको ६ मागहरूमा छलफल गरी निर्णय भएका कुरा निम्नाङ्कित छन्:—

१ अनुत्तीर्ण भएका विषयहरूमा छात्रहरूको कापी फेरि दोहोऱ्याउने आवश्यक देखिएन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२ अंग्रेजी प्रथम र द्वितीयपत्रमा जम्मा ६० पाए पास गर्ने भन्नेबारेमा पटना विश्वविद्यालयमा लेखापढी गरी हेर्ने र वहाँ रहेको रहेछ भने आगामी पूरक प्रवेशिका परीक्षा २००६ देखि नै लागू गर्ने, फिटीसकेको परीक्षाको अंग्रेजीको जम्माजम्मीबारेको कुरै उठ्नेछैन। भविष्यमा पटना विश्वविद्यालयले अंग्रेजी विषयबारेमा प्रतिशत ( Percentage ) घटाए बढाएसरह हाम्रो पनि हुनेछ।

३ पूरक परीक्षामा असफलित पत्रहरूमा मात्र जाँच दिने प्रबन्ध गरियोस् भन्नेबारेमा हेडमाष्टरहरूको रोहबरमा यसबारे विचारविमर्श भइसकेकोले अब फेरि विचार गर्न अनावश्यक देखियो।

४ प्रवेशिका परीक्षाका उत्तरपत्रहरू एक दुइ परीक्षकलाई मात्रै जाँच्न दिइयोस् भन्ने कुरामा एक विषयका उत्तरपत्रहरु एकजना परीक्षकलाई मात्र जाने गरेको छ। बढ्ता उत्तर–कापीहरू भएमा प्रधान परीक्षक (Head Examiner को नियुक्ति गरी एक दुइ सह-परीक्षक ( Co Examiner ) को नियुक्ति हुने मात्र हो।

५ पूरक परीक्षामा आवेदनपत्र भर्न रू. २७। नगरी वार्षिक परीक्षाजस्तै रू १७। मात्र गरियोस् भन्ने कुरामा पूरक वा वार्षिक परीक्षाको मार्क सीट् ( Marks Sheet )बारेमा अनिवार्य होइन, पूरक परीक्षाको शुल्क अरू विश्वविद्यालयको सरह रू. २५ मात्र हो।

६ आगामी पूरक परीक्षाको दैनिक कार्यक्रममा दिनको एक पत्र मात्र गरियोस् भन्ने कुरामा यसबारे पहिले नै दिनको एकपत्र गर्ने गरी मिलाइसकेको कुराको उल्लेख गरियो।

डाइरेक्टर,
शिक्षा विभाग.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।